ग्रो पिट्सबर्ग

पिट्सबर्ग

*खाद्य नीति परिषद्*

## प्रस्तावित नयाँ सहरी कृषीक्षेत्र निर्धारण आचार: यसले तपाईलाई के बुझाउँछ ?

पिट्सबर्गमा खाद्य उत्पादन र पशु चिकित्सालय वा पशु पालन सम्बन्धी प्रस्तावित नियमावलीको विवरण प्रस्तुत छ । स्मरण रहोस यस अन्तर्गत सिफारिस गरिएका वा गरिएको भनिएका सबै विषयमा पिट्सवर्ग नगर क्षेत्र निर्धारण इकाइबाट अनिवार्य अनुमति लिनु पर्ने छ । यस सम्बन्धी प्रक्रिया यसै विवरणको अन्त्यमा उल्लेख गरिएको छ ।

## तरकारी बिक्री बितरण:

सहरी कृषि क्षेत्र निर्धारण आचारले तरकारी एवम् फलफूल उत्पादनमा विनियमित वा सो सम्बन्धी कार्य गर्दैन । तरकारी वा फलफूल उत्पादनको बिक्री प्रक्रियामा भूमिका रहँदैन ।

तपाईले जान्नु पर्ने केही तथ्यहरु यस प्रकार छन्:

- यदि तपाईसँग सानो बारी छ (करेसाबारी होइन) । त्यस बारीमा यस अधि पनि उत्पादन गरिँदै आएको थियो भने अथवा भाडामा प्रयोग गरिँदै थियो भने त्यस ठाउँमा उत्पादन भएका तरकारी फलफूल तपाइँले आफ्नो तरिकाले बारीमै बिक्रीस्थान राखी तरकारी, फलफूल बिक्रीवितरण गर्न सक्नु हुने छ ।
- यदि तपाई आफ्नो करेसाबारीमा उत्पादन गर्न चाहनुहुन्छ र बिक्री गर्न चाहनुहुन्छ भने बारीबाटै बिक्री गर्नु पर्ने हुन्छ ।
- बारीबाटै बिक्री गर्दा ग्राहकलाई उभिने ठाउँ हुनु पर्दछ । कुनै कारण पनि अन्य आगन्तुक वा बटुवालाई हिडडुल गर्न बाटो रोकिनु हुँदैन ।

# सहरी कृषि

अधिकतम ठुलो सहरी कृषिबारी दुई ऐकर सम्मको हुनु पर्ने छ ।

- जसमा उब्जनीका साथै ग्राहक र बिक्री कर्तालाई सहज हुने व्यवस्था होस ।
- बाख्रा, कुखुरा र मौरी पालनका लागि निर्धारित स्थान भए वा नभए पनि हुन्छ भने गाई र घोडा जस्ता ठुला पशुका लागि भने निश्चित व्यवस्थाको पालना हुनु पर्दछ ।
- पशुपालनका लागि बनाइएका कटेरा कम्तीमा बारीको सिमानाभन्दा ५०फिट भित्र हुनु पर्ने छ ।
- पशुपालन स्थल सधै सफा र गन्धमुक्त राख्नु पर्ने छ ।
- सबै प्रकारका दाना वा खाने परिकार मुसा आदिबाट सुरक्षित राख्नु पर्ने हुन्छ ।

# मौरी

मौरीपालन तरिका बिभिन्न अवस्थाका हुँन सक्छन:

- मौरीपालन तपाईको निजी वा भाडामा लिएको जग्गामा धनीको अनुमति लिएर पालन गर्न सकिने छ ।
- मौरीपालन स्थल कमसेकम २०००बर्गफिटको हुनु पर्ने छ। मौरीका डुँड वा घार राख्ने स्थलसहित ।
- तपाईलाई दुई वटा सम्म घार राख्न अनुमति हुने छ । त्यसका लागि प्रत्येक घारका लागि २००० बर्गफिटको स्थान हुनु अनिवार्य छ ।
- मौरीको घार छिमेकीको सिमाना भन्दा १० फिट टाढा हुनु पर्ने छ ।
- भुँइमा राखिएका घार कम्तिमा ६ फिट उचाइमा हुनु पर्ने छ भने छानामा वा बार्दलीमा समेत राख्न सकिने छ ।
- तपाईले ओगटेको क्षेत्रको किनारा वा पछाडिपट्टी मौरी पालन गर्न सक्नु हुने छ ।
- मौरीको आवतजावत गर्ने बाटो छिमेकीको घरको सामुन्ने हुने गरी हुनु हुँदैन र ६ फिटभन्दा बढी उचाइबाट हुनु पर्दछ ।
- कुनै अपठ्यारो परे मौरीको आवतजावतका लागि एक लामो डँड वा त्यस्तै छेवाबार निर्माण गरी कम्तिमा पाँचफिट फराकिलो र दुबैपट्टी दुईफिट बाहिर निस्केको हुनु पर्दछ ।
- मौरीको अनियन्त्रित उढाइलाई व्यवस्थित गर्न पक्कीबार वा बाक्लो गरी बोटबिरुवा रोपेर वा मौरी छिर्न नसक्ने जालीबार आदिको व्यवस्था हुनु पर्दछ ।
- यदि १० फिट भन्दा उच्च स्थानमा मौरीको घार भए केही गर्नु पर्दैन ।

## कुखुरा र हाँस पालन

कुखुरा र हाँस पालन गर्न धेरै अवस्थामा सजिलो हुन्छ ।

- खोरको क्षेत्र कम्तीमा २००० बर्गफिटको र प्रयोग योग्य हुनु पर्दछ ।
- तपाईलाई सो क्षेत्रमा पाँचवटा कुखुरा वा हाँस पालनको अनुमति हुन्छ । र प्रत्येक एक कुखुरा वा हाँस थप्नु परेमा थप १००० बर्गफिटको स्थान निर्माण गर्नु पर्ने हुन्छ ।
- कुखुरा वा हाँस राख्ने गुँड कम्तीमा ६ फिट फराकिलो हुनु पर्दछ ।
- भाले पाल्न पाइने छैन ।
- यदि तपाई बाख्रापालन गर्न चाहनुहुन्छ भने तलको विवरण हेर्नुहोस ।

यदि तपाईसँग १०,००० बर्गफिटको जग्गा छैन भने कुखुरा वा हाँस, बाख्रासहित पाल्न पाउनु हुने छैन ।

- पालन स्थाल सधै सफा र दुगन्धमुक्त राख्नु पर्दछ ।  अनि प्रयोग गर्ने चारो वा खाना मुसा आदिबाट पूर्णत सुरक्षित राख्नु पर्दछ ।

## बाख्रा

धेरै अवस्थामा बाख्रा पाठा पाल्न सकिन्छ ।

- यसका लागि तपाईसँग न्यूनतम २००० बर्गफिटको स्थान हुनु पर्दछ ।यदि बाख्रा पाठा सहित कुखुरा वा हाँस पाल्न चाहनु हुन्छ भने माथि भनेझैं १०,००० बर्ग फिटको ठाउँ हुनु पर्दछ ।
- २००० बर्गफिटको खोरमा तपाईले दुईवटा सिङ मढुरेका माउ बाख्रा वा सुमरेका खसी पाल्न सक्नु हुने छ । एक्लो बाख्रो वा खसी पाल्न पाइने छैन ।
- १०००० बर्गफिट क्षेत्र भएको ठाउँमा दुईवटा बाख्रा राख्न सक्नु हुने छ । कम्तिमा ३० बर्गफिटको खोर र बाहिर हिडडुल गर्न ४०० बर्गफिटको हुनु पर्दछ ।
- खोर सधै सफा र गन्धमुक्त हुनु पर्दछ ।
- दाना खुवाउने वा राख्ने ठाउँ मुसा आदिबाट सुरक्षित हुनु पर्दछ । दाना राम्रो बन्द गरी राखिएको हुनु पर्दछ ।

| बर्ग फिट | मौरी | बाख्रा | कुखुरा/हाँस | अन्य पशु |
|---|---|---|---|---|
| <२००० | पाउदैन | पाउदैन | पाउदैन | पाउदैन |
| २००० | २ | २ पाठा | ५ | पाउदैन |
| ३००० | २ | २ पाठा | ६ | पाउदैन |
| ४००० | ४ | २ पाठा | ७ | पाउदैन |
| ५००० | ४ | २ पाठा | ८ | पाउदैन |
| ६००० | ६ | २ पाठा | ९ | पाउदैन |
| ७००० | ६ | २ पाठा | १० | पाउदैन |

| | | | | |
|---|---|---|---|---|
| ८००० | ८ | २ पाठा | ११ | पाउदैन |
| ९००० | ८ | २ पाठा | १२ | पाउदैन |
| १०००० | १० | २ ठूला | १३ | पाउदैन |
| १५००० | १० | ३ ठूला | १४ | पाउदैन |
| २०००० | १० | ४ ठूला | १५ | पाउदैन |
| २५००० | १० | ५ ठूला | १६ | पाउदैन |
| ३०००० | १० | ६ ठूला | १७ | पाउदैन |
| ३५००० | १० | ७ ठूला | १८ | पाउदैन |
| ४०००० | १० | ८ ठूला | १९ | पाउदैन |
| १ऐकर | १० | ९ ठूला | २० | पाउदैन |
| २ ऐकर | जति पनि | जति पनि | जति पनि | पाऊछ |

## प्रकृया:

- तपाईले स्थान निर्धारण वा योजना गर्नका लागि पिट्सबर्ग सहर क्षेत्र निर्धारण विभाग र विकास पुनरावलोकनको कार्यालय (200 Ross St. 3rd Floor) मा बिहान आठ बजेदेखि दिउँसो तिन बजेसम्म स्वीकृतिका लागि सम्पर्क गर्न सक्नु हुने छ । यदि स्वीकृति भए, क्षेत्र निर्धारण विभागले अनुमति पत्र प्राप्त गर्नका लागि र निरीक्षणका लागि आवश्यक कागजातका लागि एउटा पुस्तिका प्रदान गर्ने छ ।
- अनुमतिका लागि $ ७० लाग्ने छ र सो निवेदनसँग चेक वा मनीअडर मार्फत रकम तिर्नु पर्ने छ ।
- स्थान निर्धारण वा योजनाका लागि अनिवार्य सर्तहरु
  - यदि तरकारी फलफूल बिक्री गर्नु हुन्छ भने बारीमा बिक्री गर्ने ठाउँ र ग्राहक उभिने स्थान देखाउनु पर्ने छ ।
  - यदि मौरी पाल्दै हुनु हुन्छ भने मौरीको डँड राख्ने ठाउँ र निर्धारित नियमभित्र भएको प्रमाणित गर्नु पर्ने छ ।
  - यदि कुखुरा पालन गर्ने हो भने चारो दिने ठाउँ र खेल्ने ठाउँ देखाउनु पर्ने छ ।
  - यदि बाख्रा पालन हो भने पालन गर्ने पूर्वाधार स्थान देखाउनु पर्ने छ ।

## बारम्बार सोधिने प्रश्नहरु :

१. म यसका लागि निवेदन फारम कहाँबाट पाउन सक्छु ?

- पिट्सबर्ग सहरक्षेत्र निर्धारण इकाइ विभागको कार्यालय 200 Ross St. Pittsburgh, Pa 15222 मा अवस्थित छ । अथवा http://pittsburghpa.gov/dcp/zoning/zoning-forms बाट समेत प्राप्त गर्न सक्नु हुने छ ।

२. यसको कार्यालय कहाँ छ ? र कुन समयमा सम्पर्क गर्न उचित होला ?

- प्रत्येक सोमबारदेखि शुक्रबार बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म अथवा ४१२ २५५ २२४१ मा सम्पर्क गर्नु भए हुन्छ । ठेगाना माथि उल्लेख गरिएको छ ।

३. म मौरी, कुखुरा वा बाख्रा पाल्न इच्छुक छु, तर मेरो जग्गा २००० बर्गफिटभन्दा थोर छ ? म के गर्न सक्छु ?

- तपाईले बिचरणका लागि आवेदन दिन सक्नु हुने छ । यस प्रक्रियामा समय र खर्च अलिक बढी लाग्दछ । क्षेत्र निर्धारण विभागले तय गरेको अवस्थामा सो जग्गा रहने छ र सो तपाई सर्नु भयो भने तपाईसँगै सर्दैन ।

४. म तोकिएको भन्दा धेरै संख्यामा मौरी,कुखुरा वा बाख्रा पाल्न चाहन्छु ? के म गर्न सक्छु ?

- तपाईले बिचरणका लागि आवेदन गर्न सक्नु हुने छ । सोका लागि माथि उल्लेख छ ।

५. मलाई मौरी देखि एलर्जी हुन्छ र मेरो छिमेकीले मौरी पालेको छ । के त्यो सुखी त हो

- हो, अमेरिकाको जनसंख्याको १ प्रतिशत मानिस विभिन्न रासायनिक वा जैविक तत्वका कारण एलर्जी पीडित छन् । कतिपय अवस्थामा यसलाई साधारण मानिन्छ । मौरी सोझो प्रकृतिको मानिन्छ । यसलाई नचलाए वा हानी नगरे वा खतरा नभए सम्म टोक्दैन । मौरी पालकहरुले जोखिक कम गर्न गर्नका लागि एवम् सावधानीका लागि अन्य व्यवस्थाका साथै घुवाँको प्रयोग गरेका हुन्छन ।

६. मेरो छिमेकीले मौरी,कुखुरा, बाख्रा पालेको छ । तर सही तरिकाले पालेको छैन । म के गर्न सक्छु ?

- समस्याको प्रकृतिअनुरुप या ३११ सम्पर्क गर्नु भए सम्बन्धित अधिकारीले एक वा दुई दिनमा तपाईलाई सम्पर्क गर्ने छन् । वा ४१२८४७७०६ मा फोन गरी आफ्नो ठेगाना र समस्यासहित छोड्नु पर्ने छ ।

७. मैले छाडा छोडेका कुखुरा, हाँस र बाख्रा देखें । मैले कसलाई सम्पर्क गर्नुपर्ने हुन्छ ? ती पशु उठाउनका लागि ?

- पशुसेवा र नियन्त्रणले छाडा पशु समाउने काम गर्दछ । ४१२ २५५ ३०३६ मा सम्पर्क गर्न सक्नु हुने छ । यदि तपाईसँग समातिएका पशु छन् भने पशु उद्दार मञ्च वा दयालु समाजले पशु जिम्मा लिने छ।

८. म २००० बर्ग फिटको क्षेत्रमा कुखुरा र मौरी पाल्न चाहन्छु । म पाल्न सक्छु ?

- सक्नु हुँने छ । कुखुरा र मौरी पाल्न २००० बर्गफिट भित्र राख्न सकिने छ । तर बाख्रा र कुखुराको लागि भने १०,००० बर्गफिट हुनु पर्दछ ।

९. मैले अझै बुझिन वा थप प्रश्न भए, कसलाई सम्पर्क गर्ने ?

- अनुमति प्रक्रियाका लागि क्षेत्र निर्धारण इकाइ विभागमा ४१२ २५३ २२४१ र निरीक्षण अनुमति पत्र आदिका लागि ४१२ २५३ ८८८८ मा सम्पर्क गर्न सक्नु हुने छ ।

तरकारी फलफूल, कुखुरा, हाँस, मौरी, बाख्रा पालन सम्बन्धी प्रश्न भए निम्न अनुसार सम्पर्क गर्न सकिन्छ ।

**बर्ग बीस्**

info@burghbees.com
www.burghbees.com

**ग्रो पिट्सबर्ग**

info@growpittsburgh.org
www.growpittsburgh.org

**पिट्सबर्ग खाद्य नीति परिषद्**

dlw57@psu.edu
www.pittsburghfoodpolicy.org

**पिट्सबर्ग कुखुरा पालन सम्बन्धित मानिस (P4)**

http://pittsburghpropoultrypeople.blogspot.com/
pittsburgh.pro.poultry.people@gmail.com